# स्थिति सूचक

वर्ष १३, अङ्क ३

(२०८१ असार १७ गतेदेखि असोज १४ गतेसम्म)

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन


## मधेस प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

अनापचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश कार्यालयले विगतदेखि नै त्रैमासिक रूपमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरूको विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस प्रदेश कार्यालय अन्तर्गत रहेका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ ओटै जिल्लाका प्रतिनिधिहरूले सन् २०२४ (जुलाईदेखि सेप्टेम्बरसम्म) मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखिकरण गरी यो स्थिति सूचक प्रकाशन गरिएको छ । मधेस प्रदेशमा जुलाईदेखि सेप्टेम्बरसम्मको अवधिमा ८ सय ६७ जना महिला सहित ८ सय ७८ जना पीडित भएका छन् ।

तीन महिनाको मानव अधिकार उल्लङ्घन तथा ज्यदतीका घटनाहरुको तथ्याङ्क विश्लेषण गर्दा मधेस प्रदेशमा ८ सय ७८ जना अन्य पक्षबाट पीडित भएका छन् । जसमध्ये ८ सय ६७ जना महिला, ११ जना पुरुष रहेका छन् । बाल अधिकारका घटनामा ३७ जना बालबालिका पीडित भएका छन् । यसैगरी, भौतिक संरचनामा क्षतीका दुई ओटा घटनाहरु यस अवधिमा अभिलेख गरिएको छ । यो तीन महिनाको अवधिमा सिरहाको नरहा गाउँपालिका-१ गौराहा टोलमा रहेको दलित बस्तीका मानिसहरूले हिँडडुलल गर्न बाटो बन्द गरिदिएको घटना पनि अभिलेख छ ।

इन्सेक मधेस प्रदेश कार्यालय, जनकपुरधामले सन २०२४ जुलाईदेखि सेप्टेम्बरसम्मका अभिलेखित घटनाहरुको अवस्था हेर्दा सन्तोषजनक रहेको छैन । यस अवधिमा अन्य पक्षबाट पाँच महिला सहित नौ जनाको हत्या भएको छ ।

जसमध्ये इशानाथ नगरपालिका-२ औरैयाकी २२ वर्षीया पिंकी देवी साहलाई मट्टीतेल खनाएर आगो लगाई हत्या गरेको आरोपमा पति २४ वर्षीय रोशन साह सोनारलाई ०८१ असोज १ गते प्रहरीले गिरफ्तार गर्‍यो । असोज १ गते विश्वकर्मा पुजाको दिन खेतमा पानी हाल्ने पम्पको ट्याङ्कीबाट मट्टीतेल झिकेर आगो लगाई गम्भीर घाइते बनाएका थिए । घाइतेको उपचारको लागि गौरस्थित प्रादेशिक अस्पताल लगिएकोमा त्याहाँ उपचार सम्भव नभएपछि काठमाडौंको कीर्तिपुरस्थित वर्न अस्पतालमा लगिएको थियो । गम्भीर घाइते पिंकी देवी साहको उपचारको क्रममा असोज १० गते काठमाडौंको कीर्तिपुरस्थित वर्न अस्पतालमा मृत्यु भयो । आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालत गौरबाट कर्तव्य ज्यान मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालय गौरका एसपी दिलिप घिमिरेले बताए । पिंकी देवीको रोशनसँग २०७९ फागुनमा मागी विवाह भएको र उनीहरुको एक छोरा

जन्मिएको थियो । गौर नगरपालिका-२ माइती घरबाट सुत्केरी भएको ३५ दिनपछि घर फर्किएको केही दिनपछि छोराको मृत्यु भएको थियो । शवको वर्न अस्पताल कीर्तिपुरमा पोस्टमार्टम गरि परिवारले बुझेको प्रहरीले जनायो । कात्तिक २ गतेको इजलासमा आरोपित पुर्पपक्षका लागि थुनामा छन् ।

बालअधिकारका घटनामा ३४ बालिका र तीन बालक गरी ३७ जना बालबालिकाहरु पीडित भएको घटना इन्सेक मधेस प्रदेश कार्यालयले अभिलेख गऱ्यो । अभिलेखित घटना अनुसार बलात्कार घटनामा ३० र यौन दुर्व्यवहार घटनामा तीन जना बालिका पीडित भए । बेचबिखन तथा ओसारपसार घटनामा दुई र शारीरिक दण्ड सजाय घटनामा एक जना बालक पीडित भएको घटना पनि इन्सेक मधेस प्रदेश कार्यालयले अभिलेख गरेको छ ।

यस अवधिमा महिला अधिकारका घटनामा ८ सय १७ जना पीडित भएका छन् । जसमध्ये बेचबिखन घटनामा पाँच, बेचबिखन प्रयास घटनामा दुई, कुटपिट ६, जातीय विभेद घटनामा एक, अमानवीय व्यवहार घटनामा दुई, घरेलु हिँसाको घटनामा ७ सय ५१, कथित बोक्सी घटनामा दुई, बहुविवाह घटनामा २०, बलात्कार घटनामा २७, बलात्कार प्रयास घटनामा नौ, यौन दुर्व्यवहार घटनामा एक जना महिला पीडित भए । त्यसैगरी, यो तीन महिनाको अवधिमा दुई जना महिला घाइते भए भने पाँच जना महिलाको हत्या परिवाजनबाट भएको छ ।

**राजु पासवान**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (जुलाई–सेप्टेम्बर २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | | | २ | १ | ३ | ३ |
| धम्की | | | | | २ | २ | २ |
| कुटपिट | | | | ६ | १ | ७ | ७ |
| बाल अधिकार | | | | ३४ | ३ | ३७ | ३७ |
| अमानवीय व्यवहार | | | | २ | | २ | २ |
| हत्या | | | | ५ | ४ | ९ | ९ |
| जातीय विभेद | | | | १ | | १ | १ |
| महिला अधिकार | | | | ८१७ | | ८१७ | ८१७ |
| जम्मा | | | | ८६७ | ११ | ८७८ | ८७८ |

# मधेस प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८१ असार १७ गतेदेखि असोज १४ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्ने अधिकार**

**हत्या**

**अन्यपक्षबाट**

**महोत्तरी**

महोत्तरीको रामगोपालपुर-२ का ३४ वर्षीय वडाध्यक्ष मुकेश यादवको हत्या आरोपमा औरही नगरपालिका-७ भोइल टिमकियाका ३५ वर्षीय सन्जिव झा र सोही ठाउँका २९ वर्षीय दिलिप मण्डललाई ०८१ असोज ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। बर्दिबासबाट रामगोपालपुर तर्फ मोटरसाइकलमा आउने क्रममा ०८१ भदौ ९ गते वडाध्यक्ष मुकेश यादवको रहस्यमय अवस्थामा शव फेला परेको थियो। आरोपितहरूविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरी थप अनुसन्धानका लागि महोत्तरी जिल्ला अदालतबाट दिनको म्याद थप गराएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सन्तुलाल प्रसाद जैसवारले बताए। आरोपितहरूविरुद्ध पीडित पक्षले असोज ८ गते जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा उजुरी दिएका थिए। शवको पोष्टमार्टम भदौ १० गते काठमाडौंस्थित शिक्षण अस्पतालमा भएको थियो। आरोपितविरुद्ध ०८१ असोज ६ गते जिल्ला अदालत महोत्तरीमा मुद्दा दर्ता भयो। कात्तिक ६ गते आरोपितहरुलाई पुर्पक्षको लागी जलेश्वर कारागार पठाएको श्रेष्ठदार नुतन झाले बताए।

**सर्लाही**

मलंगवा नगरपालिका-४ निवासी पूर्व राज्यमन्त्री ७७ वर्षीय रामचन्द्र राय यादवको ०८१ साउन ६ गते राति चन्द्रनगर गाउँपालिका-१ रतनपुरस्थित निजको कृषि फारममा हत्या भयो। चन्द्रनगर गाउँपालिका-१ रतनपुरस्थित आफ्नै कृषि फारममा खेत रोपाइँको लागि जानु भएका पूर्व राज्यमन्त्री यादवले राति खाना खाइसकेपछि उहाँलाई भेट्न तीन जना अपरिचित व्यक्तिहरू आएको मन्त्री यादवका भान्सेले प्रहरीलाई जानकारी गराएको जिल्ला प्रहरी कार्यालय मलंगवाका एसपी रविन्द्रबहादुर सिंहले बताए। साउन ७ गते मधेस प्रदेश प्रहरी कार्यालयका डिआईजी यज्ञविनोद पोखरेलले घटनाको स्थलगत अनुगमन गरे। शवको पोष्टमार्टम साउन ७ गते प्रादेशिक अस्पताल मलंगवामा भयो। हत्या घटनामा संलग्न पूर्व राज्यमन्त्री रामचन्द्र राय यादवका भान्से कविलासी नगरपालिका-३ घर भई चन्द्रनगर गाउँपालिका-१ रतनपुर बस्ने २५ वर्षीय रामउजैन रायलाई घटना भएकै दिन अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको थियो। अर्का आरोपित सोही ठाउँका ४६ वर्षीय विरेन्द्र रायलाई प्रहरीले साउन १३ गते गिरफ्तार गरी साउन १४ गते पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको जिल्ला प्रहरी कार्यालय मलंगवाका एसपी रविन्द्र बहादुर सिंहले बताए। जिल्ला अदालतको साउन २४ गतेको आदेशमा आरोपितहरुलाई पुर्पक्षका लागी सर्लाही जिल्ला कारागारमा पठाइएको श्रेस्तेदार सदन अधिकारीले बताए। अभिलेख नं. १७४

**बाल अधिकार**

**बेचबिखन तथा ओसारपसार प्रयास**

**सर्लाही**

१५ वर्षीय बालकलाई ०८१ असार १७ गते बेचबिखन प्रयास गरेको आरोपमा लालबन्दी नगरपालिका-३ जब्दीका ३३ वर्षीय मोहन प्रसाद यादवविरुद्ध ०८१ असार २५ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय लालबन्दीमा उजुरी दिए। आरोपितले बालकलाई रोजगारीको प्रलोभन र ५ हजार रुपियाँ नगद दिई भारतको विहार राज्य पटना लग्दै गर्दा गस्तीमा खटिएका इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी टोलीले आरोपितलाई सोधपुछ गर्न खोज्दा आरोपितले बालकलाई छाडी फरार भएको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले जानकारी दिए। बालकलाई उद्धार गरी परिवारजनको जिम्मा लगाई आरोपितको खोजतलास गरिरहेको डिएसपी श्रेष्ठले बताए। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले जानकारी दिए।

१३ वर्षीय बालकलाई ०८१ भदौ ९ गते बेचबिखन प्रयास गरेको आरोपमा गोडैता नगरपालिका-२ जयपुरका

३४ वर्षीय महेन्द्र यादवलाई भदौ १२ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडित बालकलाई आरोपितले नयाँ कपडा, नगद ५ सय रुपियाँ र रोजगारीको प्रलोभन दिई भारतको उडिसा राज्य लग्दै गरेको पीडित बालकाका काकाले देखेर होहल्ला गरेपछि आरोपितले बालकलाई नेपाल भारत सीमामा छाडी भारत तर्फ फरार भएको पीडित पक्षले जिल्ला प्रहरी कार्यालय मलंगवालाई जानकारी गराएको डिएसपी दिपक श्रेष्ठले बताए। आरोपितविरुद्ध भदौ ११ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। आरोपितलाई प्रहरीले भदौ १२ गते उनकै घरबाट गिरफ्तार गरी कारबाही प्रक्रिया अगाडि बढाएको डिएसपी श्रेष्ठले बताए। जिल्ला अदालतले ०८१ असोज २ गतेको आदेशमा बयान बकपत्र भएको श्रेस्तेदार सदन अधिकारीले जानकारी दिए।

## बलात्कार, यौनदुर्व्यवहार

**सप्तरी**

१५ वर्षीया बालिकालाई २०८१ असार १७ गते साँझ १६ वर्षीय दुई बालकले बलात्कार गरेको भन्दै पीडितका बुबाले इलाका प्रहरी कार्यालय कडरबोनामा ०८१ असार १८ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण सिरहाको लहान नगरपालिका-३ स्थित रामकुमार उमाप्रसाद शारदा स्मारक प्रादेशिक अस्पतालमा असार १८ गते भयो। इलाका प्रहरी कार्यालय कडरबोनामा असार १९ गते उजुरी दर्ता भयो। आरोपितमध्ये १६ वर्षीय बालक असार १९ गते गिरफ्तार भए। अर्का आरोपित १६ वर्षीय बालक फरार छन्। जिल्ला अदालतमा साउन ७ गते अभियोगपत्र दायर भयो। न्यायाधीश नविनकुमार जोशीको इजलाशले साउन ७ गते आरोपित संरक्षकको जिम्मामा पुर्पक्षका लागि तारेखमा रिहा भए। साउन १० गते अर्का आरोपित संरक्षकको जिम्मामा पुर्पक्षका लागि तारेखमा रिहा भए।

५ र ६ वर्षीया बालिकाहरुलाई २०८१ असार २३ गते तिरहुत गाउँपालिका-५ लोहजराका ४५ वर्षीय गुरुदेब भनिने गुरुदयाल मण्डलले बलात्कार गरेको भन्दै पीडितहरुकी आमाहरुले इलाका प्रहरी कार्यालय कञ्चनरुपमा असार २४ गते उजुरी दिइन्। आरोपितले बालिकाहरुलाई प्रलोभन दिई घर लगेर बलात्कार गरेको पीडितहरुले बताइन्। इलाका प्रहरी कार्यालय कञ्चनरुपमा असार २४ गते उजुरी दर्ता भयो। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा असार २४ गते भयो। आरोपित गिरफ्तार भएका छैनन्। आरोपितविरुद्ध असार २६ गते पक्राउ पुर्जी जारी भएको छ।

१७ वर्षीया बालिकालाई २०८१ असार २६ गते हनुमाननगर कंकालिनी नगरपालिका-१ का २२ वर्षीय सुलेन्द्र शर्माले अपहरण गरी बलात्कार गरेको भन्दै पीडितका बुबाले जिल्ला प्रहरी कार्यालयमा भदौ १९ गते उजुरी दिए। हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित कंकालिनी नगरपालिका अगाडि पूर्व पश्चिम राजमार्गबाट अपहरण गरी बलात्कार गरेको पीडितका बुबाले बताए। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्रनारायण सिंह अस्पतालमा भदौ १९ गते भयो। जिल्ला प्रहरी कार्यालयमा भदौ १९ गते उजुरी दर्ता भयो। आरोपित हालसम्म फरार रहेका छन्।

१५ वर्षीया बालिकालाई २०८१ साउन १ गते शम्भुनाथ नगरपालिका-७ भगवतपुरका २० वर्षीय आनन्द कुमार दासले अपहरण गरी शरिर बन्धक बनाई बलात्कार गरेको भन्दै पीडितका बुबाले इलाका प्रहरी कार्यालय कल्याणपुरमा साउन २० गते उजुरी दिए। मोटरसाइकल सिकाउने बहानामा सिरहाको लहान लगी जनकपुरमा रहेको साथी बुधसेन दासको कोठामा लगी बलात्कार गरेको पीडितले बताइन्। कोठाभित्र लगेर स्प्राइटको बोतलमा नशासेवन गराई पटक पटक बलात्कार गरेको विरोधमा होहल्ला गर्दा बुबाआमाको ज्यान मार्ने धम्की दिई अश्लिल चित्र खिचेको पीडितले बताइन्। गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा साउन २० गते स्वास्थ्य परीक्षण भयो। इलाका प्रहरी कार्यालय कल्याणपुरमा साउन २० गते उजुरी दर्ता भयो। आरोपित फरार छन्।

१५ वर्षीया बालिकालाई २०८१ साउन ४ गते साँझ महादेवा गाउँपालिका-३ बथनाहाका २१ वर्षीय परमानन्द यादवले बलात्कार गरेको भन्दै पीडितका आमाले साउन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा साउन १४ गते भयो। खेतीपातीका काममा अभिभावकहरु गएका बेला घरमा सुतिरहेको अवस्थामा आरोपितले डर, त्रास, धम्की दिई बलात्कार गरेर फरार भएको पीडितले बताइन्। जिल्ला प्रहरी कार्यालयमा साउन १४ गते उजुरी दर्ता भयो। आरोपित हालसम्म फरार छन्।

१६ वर्षीया बालिकालाई २०८१ साउन १० गते खडक नगरपालिका-११ बनौलीका ६० वर्षीय सैनी

मण्डलले बलात्कार गरेको भन्दै पीडितकी आमाले इलाका प्रहरी कार्यालय कल्याणपुरमा उजुरी दिइन। थल्हा नदीको डिलमा गाईको गोबर लिन गएका बेला एक्लो देखि आरोपितले मुख थुनी बोल्न कराउन नदिई बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्रनारायण सिंह अस्पतालमा साउन १६ गते भयो। इलाका प्रहरी कार्यालय कल्याणपुरमा साउन १६ गते उजुरी दर्ता भयो। जिल्ला अदालतमा २०८१ भदौ ९ गते अभियोग पत्र दायर भयो। जिल्ला न्यायाधीश तिलक बहादुर कार्कीको आदेशले भदौ १२ गतेदेखि आरोपित पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

१३ वर्षीया बालिकालाई २०८१ भदौ २ गते १७ वर्षीय बालकले कञ्चनरुप नगरपालिका १ स्थित हलेसी होटल एण्ड लजको कोठा नम्बर ५०९ मा बलात्कार गरेको भन्दै पीडितका बुबाले इलाका प्रहरी कार्यालय कञ्चनरुपमा भदौ ३ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण भदौ ३ गते गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भयो। इलाका प्रहरी कार्यालय कञ्चनरुपमा भदौ ४ गते उजुरी दर्ता भयो। जिल्ला अदालतमा भदौ २० गते अभियोग पत्र दायर भयो। जिल्ला न्यायाधीश दीपककुमार दाहालको इजलाशले भदौ २१ गतेदेखि बाल विज्याईकर्ता बालक बालसुधार गृहमा छन्।

१६ वर्षीया बालिकालाई २०८१ भदौ १४ गते तिलाठी कोइलाडी गाउँपालिका-८ का २६ वर्षीय लालेश्वर दासले बलात्कार गरेको भन्दै पीडितका बुबाले जिल्ला प्रहरी कार्यालयमा भदौ २३ गते उजुरी दिए। एक्लै खेततर्फ गइरहेका बेला आरोपितले ललाईफकाई मोटरसाइकलमा चढाई हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित कोशी ब्यारेज घुमाउन लगी ब्यारेज नजिक झाडीमा बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्रनारायण सिंह अस्पतालमा भदौ २३ गते भयो। आरोपित हालसम्म फरार रहेका छन्।

१७ वर्षीया बालिकालाई २०८१ साउन ३ गते साँझ यौनदुर्व्यवहार गरेको भन्दै महादेवा गाउँपालिका-४ का २० वर्षीय राजकुमार मुखियाविरुद्ध पीडितकी हजुरआमाले जिल्ला प्रहरी कार्यालयमा साउन ४ गते उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालयमा साउन ४ गते उजुरी दर्ता भयो। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा साउन ४ गते भयो। आरोपितलाई महादेवा प्रहरी चौकीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय पठायो। जिल्ला अदालतमा साउन २७ गते अभियोग पत्र दायर भयो। न्यायाधीश उद्वीर

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जुलाई-सेप्टेम्बर २०२४)**

| | |
|---|---|
| बलात्कार | ३० |
| यौन दुर्व्यवहार | ३ |
| बेचबिखन तथा ओसारपसार | २ |
| विद्यालयमा दिइने शारीरिक दण्ड सजाय | १ |
| जम्मा | ३६ |

नेपालीको इजलाशले साउन २८ गते आरोपित ७५ हजार रुपियाँ धरौटी राखेर पुर्पक्षका लागि तारेखमा रिहा भएका छन्।

११ वर्षीया बालिकालाई २०८१ भदौ १३ गते यौन दुर्व्यवहार गरेको भन्दै सप्तकोशी नगरपालिका- १ राधाकृष्ण टोलका ६५ वर्षीय युवराज गौतमविरुद्ध पीडितका बुबाले इलाका प्रहरी कार्यालय कञ्चनरुपमा भदौ १५ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भदौ १६ गते भयो। इलाका प्रहरी कार्यालय कञ्चनरुपमा भदौ १६ गते उजुरी दर्ता भयो। आरोपित फरार छन्।

### सिरहा

१५ वर्षीया बालिकालाई ०८१ साउन ७ गते बलात्कार गरेको आरोपमा भारतको दरभंगा घर भई कर्जन्हा नगरपालिका-२ बस्ने ४० वर्षीय संजित शर्मालाई इलाका प्रहरी कार्यालय मिर्चैयाले साउन १३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय मिर्चैयामा साउन १३ गते उजुरी दिएको पीडित

बालिकाको बाबुले बताए। बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा साउन १३ गते भयो। जिल्ला अदालतको आदेशमा आरोपित भदौ ७ गते देखि पुर्पक्षका लागि थुनामा छन्।

३ वर्षीया बालिकालाई ०८१ साउन २० गते बलात्कार गरेको आरोपमा सुखिपुर नगरपालिका-८ का १४ वर्षीय बालक जिल्ला प्रहरी कार्यालय सिरहाले ०८१ भदौ १ गते गिरफ्तार गर्‍यो। आरोपितले बालिकालाई जिल्ला प्रहरी कार्यालय सिरहामा भदौ १ गते उजुरी दिएको पीडित बालिकाको आमाले बताइन्। बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा भदौ १ गते भयो। घटनाको जानकारी हुनासाथ आरोपितलाई गिरफ्तार गरी कारबाही प्रकृया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय सिरहाका इन्सपेक्टर दिपक कुमार सिहंले बताए। जिल्ला अदालतको आदेशमा आरोपित भदौ २१ गते अभिभावको जिम्मा लगायो।

१० वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा सुखिपुर नगरपालिका-४ का ३५ वर्षीय बब्लु यादवविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय सिरहामा ०८१ भदौ २६ गते उजुरी दिए। आरोपितले बालिकालाई ०८१ भदौ २४ गते बलात्कार गरेको आरोपमा आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिएको पीडित बालिकाकी आमाले बताइन्। बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा भदौ २५ गते भयो। आरोपित फरार रहेकोले खोज तलास भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी मुक्तिनाथ सापकोटाले बताए।

१७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा नरहा गाउँपालिका-४ का २१ वर्षीय रमेशकुमार यादव विरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालय सिरहामा ०८१ असोज ४ गते उजुरी दिइन्। आरोपितले ०८१ साउन ११ गते बलात्कार गरेको पीडितले बताइन्। बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा असोज ४ गते भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोज तलास भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी मुक्तिनाथ सापकोटाले बताए। आरोपित हालसम्म फरार छन्।

**धनुषा**

१७ वर्षीया बालिकालाई २०८१ साउन ४ गते बलात्कार गरेको आरोपमा हंस्पुर नगरपालिका-५ का २० वर्षीय रोहित दासविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा साउन ७ गते उजुरी दिर्ता गराए। पीडित पक्षले आरोपितविरुद्ध साउन ४ गते उजुरी दिएका थिए। पीडितको स्वास्थ्य परीक्षण साउन ४ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित भदौ ९ गते गिरफ्तार भए भने जिल्ला अदालतको असोज २० गतेको आदेशमा आरोपित पुर्पक्षको लागि सिन्धुली जिल्ला कारागारमा छन्।

१७ वर्षीया बाकिलालाई जनकनन्दनी गाउँपालिका-३ का २३ वर्षीय निकेश राउतले ०८१ भदौ ५ गते बलात्कार गरेको आरोपमा भदौ ७ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय खौजुरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण भदौ ९ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजीकार्य भइरहेको वरिष्ठ हवल्दार गोविन्द चौधरीले बताए। आरोपित हालसम्म फरार छन्।

अपाङ्गता भएकी १७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोप हंसपुर नगरपालिका-५ का २० वर्षीय रोहित दासविरुद्ध पीडित पक्षले ०८१ साउन ८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडित बालिकालाई साउन ७ गते आरोपितले खेतमा लगि बलात्कार गरेको भन्दै कारबाहीका लागि सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको पीडित पक्षले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन ८ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी रञ्जन अवाले बताए। आरोपित हालसम्म फरार छन्।

१७ वर्षीया बालिकालाई जनकपुरधाम उपमहानगरपालिका-२३ का २१ वर्षीय अशोक महाराले ०८१ भदौ १० गते खेतमा घाँस काटिरहेको अवस्थामा बलात्कार गरेको आरोपमा पीडित पक्षले भदौ १३ गते जिरोमाइल प्रहरी चौकीमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण सोही दिन प्रादेशिक अस्पताल जनकपुरधाम भयो। आरोपितलाई प्रहरीले भदौ १५ गते घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय धनुषा पठाएको जिरो माइल प्रहरी चौकीका सई चौधरी यादवले बताए। जिल्ला अदालतको असोज २३ गतेको आदेशमा आरोपित पुर्पक्षको लागि सिन्धुली जिल्ला कारागारमा छन्।

**महोत्तरी**

१६ वर्षीया बालिकालाई सोनमा गाउँपालिका-७ का २२ वर्षीय इन्द्रजित यादवले ०८१ साउन २२ गते

बलात्कार गरेको आरोपमा साउन २५ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। पीडितलाई आरोपितले प्रेमजालमा पारी विवाहको झुठो आश्वासन दिई घर नजिकै रहेको खोलाको डिलमा लगि बलात्कार गरेको पीडित पक्षले बताए। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी नकुल पोखरेलले बताए। पीडितको स्वास्थ्य परीक्षण साउन २५ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। आरोपित हालसम्म फरार छन्।

१७ वर्षीया बालिकालाई लोहरपट्टी नगरपालिका-४ का ३२ वर्षीय रामकेवल यादवले ०८१ साउन १६ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले आरोपितविरुद्ध साउन २७ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण साउन २७ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी नकुल पोखरेलले जानकारी दिए। आरोपित हालसम्म फरार छन्।

**सर्लाही**

१५ वर्षीया बालिकालाई असार २८ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-९ का २७ वर्षीय मोना भनिने महेश साह तेलीविरुद्ध इलाका प्रहरी कार्यालय केशरगञ्जमा साउन ८ गते पीडित पक्षले उजुरी दिए। प्रहरीले आरोपित साहलाई साउन ९ गते गिरफ्तार गरी जिल्ला अदालतबाट तीन दिनको म्याद थप गराई अनुसन्धान प्रकृया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले जानकारी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन ८ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। जिल्ला अदालतको ०८१ भदौ १९ गते आदेशमा बयान बकपत्र भयो।

१७ वर्षीया बालिकालाई ०८१ साउन ४ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-८ का २९ वर्षीय बिले भनिने भविन कार्कीविरुद्ध पीडित पक्षले भदौ १२ गते इलाका प्रहरी कार्यालय केशरगञ्जमा उजुरी दिए। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय केशरगञ्जका इन्स्पेक्टर रामप्रवेश यादवले जानकारी दिए। पीडितको स्वास्थ्य परीक्षण भदौ १२ गते प्रादेशिक अस्पताल मलंगवामा भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले जानकारी दिए।

१५ वर्षीया बालिकालाई ०८१ साउन २३ गते बलात्कार गरेको आरोपमा लालबन्दी नगरपालिका-१६ का २८ वर्षीय दिलबहादुर घलानविरुद्ध पीडित पक्षले ०८१ भदौ १७ गते इलाका प्रहरी कार्यालय लालबन्दीमा उजुरी दिए। प्रहरीले आरोपित घलानलाई भदौ १८ गते गिरफ्तार गरी भदौ १९ गते सर्लाही जिल्ला अदालतबाट तीन दिनको म्याद थप गराई अनुसन्धान प्रकृया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले जानकारी दिए। पीडितको स्वास्थ्य परीक्षण भदौ १७ गते प्रादेशिक अस्पताल मलंगवामा भयो। आरोपित भदौ २८ गते ४५ हजार रुपियाँ धरौटीमा रिहा भए।

१३ वर्षीया बालिकालाई ०८१ भदौ १३ गते बलात्कार गरेको भन्दै हरिपुर नगरपालिका-६ का २३ वर्षीय गोपाले भनिने गोविन्द चौधरीविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय हरिपुरमा असोज ६ गते उजुरी दिए। घटनापछि आरोपित फरार रहेकोले खोज तलास भइरहेको इलाका प्रहरी कार्यालय हरिपुरका इन्स्पेक्टर रोमन राज अर्यालले जानकारी दिए। पीडितको स्वास्थ्य परीक्षण असोज ७ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले जानकारी दिए।

**रौतहट**

६ वर्षीया बालिकालाई ०८१ भदौ २८ गते बलात्कार गरेको आरोपमा १५ वर्षीय बालकलाई जिल्ला प्रहरी कार्यालय गौरले ०८१ भदौ २८ गते गिरफ्तार गऱ्यो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिएको डिएसपी एलिजा गिरीले जानकारी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण भदौ २८ गते प्रादेशिक अस्पताल गौरमा भयो। जिल्ला अदालत गौरका न्यायाधीश मनोज केसि को असोज १३ गतेको एकल इजलासले आरोपितलाई संरक्षकको जिम्मा लगायो।

१७ वर्षीया बालिकालाई ०८१ साउन ८ गते बलात्कार गरेको आरोपमा बृन्दावन नगरपालिका-४ रमौलिया २५ वर्षीय मेथुन सहनिविरुद्ध पीडित पक्षले साउन १३ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिएको डिएसपी रामेश्वर त्वात्तिले बताए। आरोपित हालसम्म फरार रहेको डिएसपी त्वात्तिले बताए। पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल गौरमा साउन १३ गते भयो। आरोपित हालसम्म फरार छन्।

१७ वर्षीया बालिकालाई ०८१ असार १५ गते सामूहिक बलात्कार गरेको आरोपमा गुजरा नगरपालिका-४ कनकपुर २० वर्षीय शेख इन्जाइम, २१ वर्षीय शेख

मुस्तक र २५ वर्षीय दिपेन्द्र कुमारविरुद्ध पीडित पक्षले आरोपितहरुविरुद्ध साउन १३ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिएको डिएसपी रामेश्वर त्वात्तिले बताए। आरोपीतहरु हालसम्म फरार रहेको र खोजि कार्य भइरहेको प्रहरिले बताए। पीडितको स्वास्थ परीक्षण प्रादेशिक अस्पताल गौरमा सोहि दिन भएको प्रहरीले बताए। आरोपितहरु हालसम्म फरार छन्।

**पर्सा**

१६ वर्षीया बालिकालाई ०८१ साउन १८ गते बलात्कार गरेको आरोपमा पकाहामैनपुर गाउँपालिका-३ का २० वर्षीय विशाल भनिने केदार रामविरुद्ध पीडित पक्षले आरोपितविरुद्ध साउन १९ गते इलाका प्रहरी कार्यालय पोखरियामा उजुरी दिए। पीडितको स्वास्थ्य परिक्षण साउन १९ गते नारायणी अस्पतालमा भयो। आरोपितलाई साउन १९ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध भदौ ९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मुद्दा दर्ता भएकोमा सोही दिन सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१० वर्षीया बालिकालाई ०८१ असार १९ गते बलात्कार गरेको आरोपमा १५ र १४ वर्षीय बालकहरुविरुद्ध पीडित पक्षले असार २३ गते इलाका प्रहरी कार्यालय पोखरियामा उजुरी दिए। आरोपितहरुलाई असार २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परिक्षण असार २३ गते नारायणी अस्पतालमा भयो। आरोपितहरुविरुद्ध साउन १४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मुद्दा दर्ता भएकोमा आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

## महिला विरुद्ध हुने सबै किसिमको भेदभाव बेचबिखन तथा ओसारपसार

**बारा**

२०, २१, २२ र २५ वर्षीया महिलाहरूलाई जिल्लाका विभिन्न स्थानबाट ल्याई आर्थिक प्रलोभनमा पारी यौनजन्य कार्य गराएको आरोपमा कलैया उपमहानगरपालिका-५ घुसुकपुरका ३० वर्षीय श्यामसुन्दर प्रसाद यादवलाई ०८१ साउन १ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडितहरूले आरोपितविरुद्ध साउन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। आरोपित यादवले सञ्चालन गरेको रेस्टुरेन्ट तथा पार्टी प्यालेसमा विभिन्न ठाउँबाट महिलाहरू बोलाएर ल्याएको र आर्थिक प्रलोभनमा पारिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयको प्रहरीले साउन १ गते चार जना महिलाहरूको उद्धार गरी साउन २ गते परिवारको जिम्मा लगाएको डिएसपी दधिराम न्यौपानेले बताए। पीडितहरूको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल कलैयामा साउन २ गते भएको निमित्त मेडिकल सुपरिटेण्डेन्ट अजय गुप्ताले जानकारी दिए। जिल्ला प्रहरी कार्यालयले आरोपितलाई साउन २ गते सार्वजनिक गरी आवश्यक अनुसन्धानका लागि प्रहरी हिरासतमा राखेको डिएसपी न्यौपानेले बताउनु भयो।

## अमानवीय व्यवहार

**सप्तरी**

२७ वर्षीया महिलामाथि २०८१ साउन ५ गते सोही ठाउँका ५६ वर्षीय सीताराम यादव, उनकी पत्नी ५० वर्षीया सतनी देवी यादव र निजका छोरा २६ वर्षीय मनभरन भनिने मनिष कुमार यादवले 'बोक्सी'को आरोप लगाउँदै अमानवीय व्यवहार र कुटपिट गरेको भन्दै पीडितले साउन ७ गते जिल्ला प्रहरी कार्यालय उजुरी दिइन्। वैदेशिक रोजगारका लागि पति कतारमा रहेको र नाबालिका छोरीसँग बसेकी पीडितलाई आरोपित सीताराम र उनकी पत्नी सतनीदेबीले विरामी छोरा मनिषलाई निको पार्न भन्दै कुटपिट र अमानवीय व्यवहार गरेको पीडितले बताइन्। मनिषलाई टुनामुना गरेर 'बोक्सी' लगाएर विरामी पारेकोले ठिक नगरे मलमुत्र खुवाएर 'बोक्सी' विद्या नष्ट गर्ने भन्दै पीडितलाई धम्की दिएपछि मनिषले जगल्टा समातेर घिस्याउँदै पीडितलाई २ सय मिटर टाढा रहेको आफ्नो घर लगेर बन्धक बनाएका थिए। पीडितको उद्धारका लागि प्रहरी चौकी झुटकीबाट पुगेको प्रहरी टोलीलाई समेत आरोपितहरुले अवरोध पुऱ्याएपछि इलाका प्रहरी कार्यालय कल्याणपुरबाट मद्दतका लागि थप प्रहरी टोली पुगेको थियो। जिल्ला प्रहरी कार्यालयले साउन ८ गते उजुरी दर्ता गऱ्यो। आरोपितहरु हालसम्म गिरफ्तार भएका छैनन्।

६५ वर्षीया महिलालाई २०८१ असार ३१ गते डाक्नेश्वरी नगरपालिका-९ पत्थरगाढाका ५५ वर्षीय केदार खंग, उनका भाई ४० वर्षीय चन्दर खंग मण्डल र सोही ठाउँका २८ वर्षीय मिनुदेबी खंगले 'बोक्सी'को आरोप लगाउँदै अमानवीय व्यवहार र कुटपिट गरेको भन्दै पीडितले भदौ ४ गते जिल्ला प्रहरी कार्यालय उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालयमा भदौ ४ गते उजुरी दर्ता भयो। आरोपितहरु फरार छन्।

## बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

### सप्तरी

१९ वर्षीया युवतीलाई २०८१ साउन ५ गते डाक्नेश्वरी नगरपालिका-७ ब्रहमपुरका २१ वर्षीय उपेन्द्र यादवले बलात्कार गरेको भन्दै पीडितका हजुरबुबाले इलाका प्रहरी कार्यालय कल्याणपुरमा साउन ५ गते उजुरी दिए। बाखा चराउन चन्देश्वर चौधरीको बगैचामा गएका बेला आरोपितले बलात्कार गरेको पीडितले बताइन्। इलाका प्रहरी कार्यालय कल्याणपुरमा साउन १५ गते उजुरी दर्ता भयो। आरोपित हालसम्म फरार छन्।

### सिरहा

३६ वर्षीया महिलालाई ०८१ साउन १९ गते बलात्कार गरेको आरोपमा नरहा गाउपालिका-४ का २१ वर्षीय राहुल यादवलाई जिल्ला प्रहरी कार्यालय सिरहाले साउन २० गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालय सिरहामा साउन २० गते उजुरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा साउन २० गते भयो। घटनाको जानकारी हुनासाथ आरोपितलाई गिरफतार गरी कार्वाही प्रकृया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय सिरहाका इन्सपेक्टर दिपक कुमार सिहंले बताए। जिल्ला अदालतको आदेशमा आरोपित भदौ १३ गते देखि पुर्पक्षका लागि थुनामा छन्।

### धनुषा

२१ वर्षीया महिलालाई जनकनन्दनी गाउँपालिका-१ का २४ वर्षीय राकेश मण्डलले ०८१ साउन १९ गते काम छ भनि आफ्नो घरमा बोलाई धाक धम्की दिई बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध साउन २१ गते इलाका प्रहरी कार्यालय खजुरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण साउन २१ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। आरोपितलाई भदौ ४ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय खजुरीका वरिष्ठ हवलदार गोविन्द चौधरीले बताए। असोज २९ गतेको जिल्ला अदालतको आदेशमा आरोपित पुर्पक्षका लागि सिन्धुली कारागारमा छन्।

२४ वर्षीया महिलालाई २०८१ भदौ १ गते जनकनन्दनी गाउँपालिका-४ का २३ वर्षीय शिवशंकर यादवले बलात्कार गरेको आरोपमा पीडितले अरोपितविरुद्ध भदौ ३ गते इलाका प्रहरी कार्यालय खजुरीमा उजुरी दिइन्। भदौ १ गते खेतमा घाँस काटिरहेको अवस्थामा आरोपितले बलात्कार गरेको पीडित महिलाले बताइन्। भदौ २ गते पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। भदौ ५ गते आरोपितलाई मैनाथपुर बोर्डरबाट गिरफ्तार गऱ्यो। हाल आरोपीत जिल्ला प्रहरी कार्यालय धनुषाको हिरासतमा राखी अनुसन्धान गरिरहेको वरिष्ठ हवलदार गोविन्द चौधरीले बताए।

२१ वर्षीया महिलालाई २०८१ भदौ ११ गते जनकनन्दनी गाउँपालिका- का २४ वर्षीय सतिश कुमार मण्डलले बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ १२ गते इलाका प्रहरी कार्यालय खजुरीमा उजुरी दिइन्। भदौ ११ गते दिउँसो २ बजेको समयमा एक्लै रहेको अवस्थामा आरोपितले बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण भदौ १२ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको वरिष्ठ हवल्दार गोविन्द चौधरीले बताए। आरोपित हालसम्म फरार छन्।

२२ वर्षीया महिलालाई २०८१ भदौ २ गते जनकपुरधाम उपमहानगरपालिका- ११ का २५ वर्षीय राजेश कापरले बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ ५ गते मुजेलिया प्रहरी चौकीमा उजुरी दिइन्। भदौ २ गते खेतमा बाखा चराइरहेको अवस्थामा आरोपितले बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण भदौ ३ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। भदौ ९ गते आरोपितलाई जनकपुरधामको पिरारीचोकबाट गिरफ्तार गऱ्यो। आरोपितलाई भदौ ३० गते जलेश्वर कारागारमा पूर्पक्षको लागि पठाएको जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी रञ्जन आवाले बताए।

२४ वर्षीया महिलालाई मिथिला नगरपालिका-१० का २२ वर्षीय धीरेन्द्र महतोले ०८१ साउन २२ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध साउन २३ गते इलाका प्रहरी कार्यालय ढल्केबरमा उजुरी दिइन्। साउन २२ गते खेतबाट काम गरी खोलाको बाटो हुँदै आउँदै गर्दा आरोपितले बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण साउन २३ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित साउन २७ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय ढल्केबरका इन्सपेक्टर राजकिशोर शाहले बताए। जिल्ला अदालतको भदौ २५ गतेको आदेशमा आरोपित पुर्पक्षको लागि जलेश्वर कारागारमा थुनामा छन्।

२१ वर्षीया महिलालाई मुखियापट्टि मुसहर्निया गाउँपालिका-२ का २२ वर्षीय निराजन दासले ०८१ भदौ १ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ २ गते तुलसियाही प्रहरी चौकीमा उजुरी दिइन्। भदौ १ गते राती लुकिछिपि घरमा प्रवेश गरी धाक धम्की दिई बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थय परीक्षण भदौ ३ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई भदौ ८ गते प्रहरी गिरफ्तार गर्‍यो। जिल्ला अदालतको भदौ ३१ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि सिन्धुली जिल्ला कारागारमा थुनामा छन्।

२३ वर्षीया महिलालाई नगराइन नगरपालिका-३ का २१ वर्षीय प्रमोद मण्डलले २०८१ भदौ २० गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुसामा भदौ २४ गते उजुरी दिइन्। भदौ २० गते घरमा सुतिरहेको अवस्थामा आरापितले धाक धम्की दिई बलात्कार गरेको पीडित महिलाले बताइन्। पीडितको स्वास्थ्य परीक्षण भदौ २५ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी रञ्जन आवाका अनुसार आरोपित भदौ २८ गते गिरफ्तार भए। जिल्ला अदालतको असोज ३० गतेको आदेशमा आरोपित पुर्पक्षको लागि थुनामा छन्।

२१ वर्षीया महिलालाई सबैला नगरपालिका-८ का रजनीश महासेठले ०८१ भदौ २ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ ३ गते इलाका प्रहरी कार्यालय सबैलामा उजुरी दिइन्। भदौ २ गते घरमा एक्लै सुतिरहेको अवस्थामा आरोपितले धाक धम्की दिई बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण सोही दिन प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको इन्सपेक्टर सुन्दर चौलागाईले बताए। आरोपित हालसम्म फरार छन्।

२७ वर्षीया महिलालाई २०८१ साउन २७ गते जनकनन्दनी गाउँपालिका-५ का २९ वर्षीय सुबोध ठाकुरले बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध साउन २९ गते इलाका प्रहरी कार्यालय खजुरीमा उजुरी दिइन्। साउन २७ गते आफ्नै खेतमा घाँस काटिरहेको अवस्थामा पछाडिबाट आई मुख छोपी बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण भदौ १ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। आरोपितलाई प्रहरीले भदौ ४ गते गिरफ्तार गर्‍यो। आरोपितलाई असोज ४ गते पुर्पक्षका लागि सिन्धुली कारागार पठाएको पीडितका भाइले जानकारी दिए।

२२ वर्षीया महिलालाई सबैला नगरपालिका-३ का २३ वर्षीय अमर दासले ०८१ भदौ ५ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ ९ गते इलाका प्रहरी कार्यालय वीरेन्द्रबजारमा उजुरी दिइन्। आरोपितले भदौ ५ गते ललाई फकाई वीरेन्द्रबजारस्थित श्रेष्ठ होटल एण्ड लजमा लगी बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण भदौ १० गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको पीडितले बताए। आरोपित हालसम्म फरार छन्।

२४ वर्षीया महिलालाई मिथिला बिहारी नगरपालिका-४ का २५ वर्षीय नन्दन कुशवाहाले ०८१ भदौ १७ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ १९ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिइन्। भदौ १७ गते खेतमा काम गर्न एक्लै गइरहेको अवस्थामा आरोपितले बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण भदौ २२ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। भदौ २८ गते आरोपितलाई तारापट्टि चोकबाट प्रहरीले गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय धनुषाधामको इन्सपेक्टर किरण लामाले बताए। हाल अनुसन्धान प्रक्रियामा रहेको इन्सपेक्टर किरण लामाले बताए।

३३ वर्षीया महिलालाई जनकपुरधाम उपमहानगरपालिका-१९ शिवपुर का २७ वर्षीय शंकर यादवले ०८१ भदौ ९ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ ११ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिइन्। रोजगारीको प्रलोभन देखाइ आरोपितले भदौ ९ गते बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण भदौ १३ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। आरोपितलाई भदौ २१ गते प्रहरीले गिरफ्तार गरी थप अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय धनुषाधामका इन्सपेक्टर किरण लामाले बताए। हाल अनुसन्धान प्रक्रियामा रहेको इन्सपेक्टर किरण लामाले बताए।

२३ वर्षीया महिलालाई जनकनन्दनी गाउँपालिका-२ का २६ वर्षीय अनिल यादवले ०८१ साउन २८ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ ४ गते इलाका प्रहरी कार्यालय खजुरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण भदौ ६ गते प्रादेशिक अस्पताल

जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजीकार्य भइरहेको वरिष्ठ हवलदार गोविन्द चौधरीले बताए। आरोपित हालसम्म फरार छन्।

२३ वर्षीया काजल कुमारी महरालाई गणेशमान चारनाथ नगरपालिका-६ का २५ वर्षीय रञ्जन महराले ०८१ साउन ५ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध साउन ८ गते इलाका प्रहरी कार्यालय ढल्केबरमा उजुरी दिइन्। साउन ५ गते राति घरमा एक्लै रहेको अवस्थामा आरोपितले बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण साउन ९ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। आरोपितलाई साउन १८ गते प्रहरीले बरेन्द्रबजारबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको भदौ २१ गतेको आदेशमा आरोपितलाई सिन्धुली कारागार पठाएको मुद्दा शाखाका अधिकृत आत्माराम विश्वकर्माले बताए।

२६ वर्षीया महिलालाई औरही गाउँपालिका-३ का २४ वर्षीय दिलिप शाहले ०८१ साउन १५ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध साउन १९ गते इलाका प्रहरी कार्यालय औरहीमा उजुरी दिइन्। आरोपित लाइनको मिस्त्री भएको र साउन १५ गते घरको लाइन मरम्मत गर्न बोलाएको अवस्थामा आरोपितले बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण साउन २० गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। उजुरीपश्चात आरोपित फरार छन्। आरोपित हालसम्म फरार छन्।

२२ वर्षीया महिलालाई जनकपुरधाम उपमहानगरपालिका-४ का २४ वर्षीय रवि पासवानले ०८१ असार २१ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध असार २३ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। जनकपुरधामस्थित क्याम्पस चोकमा आरोपितले आफ्नो कोठामा लगी बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण असार २५ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई असार २९ गते घरबाट गिरफ्तार गऱ्यो। भदौ २८ गतेको जिल्ला अदालतको आदेशमा आरोपितलाई जलेश्वर कारागार पठाएको मुद्दा शाखाका अधिकृत आत्माराम विश्वकर्माले बताए।

१९ वर्षीया युवतीलाई धनुषाधाम नगरपालिका-३ का २१ वर्षीय राहुल शाहले ०८१ साउन ९ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध साउन १० गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण साउन १२ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई भदौ १२ गते धनुषाधाम चोकबाट गिरफ्तार गरी थप अनुसन्धान गरिरहेको इन्सपेक्टर किरण लामाले बताए। हाल अनुसन्धान प्रक्रियामा रहेको इन्सपेक्टर किरण लामाले बताए।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जुलाई-सेप्टेम्बर २०२४)**

| | |
|---|---|
| बलात्कार | २७ |
| घरेलु हिंसा | ७५१ |
| यौनदुर्व्यवहार | १ |
| बलात्कार प्रयास | ९ |
| बेचबिखन तथा ओसारपसार | ५ |
| बहुविवाह | २० |
| 'बोक्सी'को आरोप | २ |
| बेचबिखन तथा ओसारपसार प्रयास | २ |
| जम्मा | ८१७ |

२२ वर्षीया महिलालाई जनकपुरधाम

उपमहानगरपालिका-३ का २३ वर्षीय राहुल मण्डलले रुपियाँको प्रलोभन देखाइ ०८१ साउन २१ गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध साउन २२ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण साउन २२ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई प्रहरीले साउन २५ गते जनकपुरधामस्थित कदमचोकबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको असोज १२ गतेको आदेशमा आरोपितलाई पूर्वपक्षको लागि सिन्धुली कारागार पठाएको जिल्ला अदालत प्रशासन शाखाका प्रमुख आत्माराम विश्वकर्माले बताए।

**महोत्तरी**

१८ वर्षीया युवतीलाई अपहरण गरेको आरोपमा महोत्तरी गाँउपालिका-२ अनैठाका १८ वर्षीय सुरज साह, सोहि ठाउँका ३२ वर्षीया चन्द्रकला साह र ३८ वर्षीय मदन साहविरुद्ध ०८१ असार २३ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। आरोपितले ०८१ असार ६ गते स्कुल जान्दै गरेको अवस्थामा बलपुर्वक अपहरण गरेको पीडितकी आमाले बताइन्। उजुरीपश्चात आरोपित फरार रहेकोले खोजतलास भइरहेको इन्स्पेक्टर सुरज दुलालले बताए। आरोपित हालसम्म फरार छन्।

४५ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा जलेश्वर नगरपालिका-५ का ४४ वर्षीय अरबिन्द कुमार चौधरीविरुद्ध ०८१ भदौ २ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। आरोपितले पीडितलाई साउन ३२ गते बलात्कार गरेको पीडित पक्षले बताए। यसअघि आरोपितले पीडितलाई मायाजालमा पारी बलात्कार गरेको र सोको भिडियो बनाई सार्वजनिक गर्ने धम्की दिँदै आएको पीडितले दिएको उजुरीमा उल्लेख रहेको जिल्ला प्रहरी कार्यालयका एसपी नकुल पोखरेलले जानकारी दिए। पीडित पक्षले दिएको उजुरीको आधारमा भदौ २ गते आरोपितलाई घरबाट गिरफ्तार गरिएको एसपी पोखरेलले बताए। पीडितको स्वास्थ्य परीक्षण भदौ २ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। आरोपित विरुद्ध ०८१ भदौ २४ गते जिल्ला अदालत महोत्तरीमा मुद्दा दर्ता भएकोमा भदौ २५ गते आरोपितलाई पुर्पक्षको लागी कारागार पठाएको श्रेस्तेदार नुतन झाले जानकारी दिइन्।

१८ वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा रामगोपालपुर नगरपालिका-३ दोलाठीका ५० वर्षीय उमेश मण्डलविरुद्ध ०८१ भदौ १९ गते पीडितले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिइन्। पीडितलाई साउन १८ गते आरोपितले प्रलोभनमा पारी आफ्नो घरमा लगि बलात्कार गरेको पीडितले बताइन्। पीडितको हात नजिकको टेबलमा रहेको विजुलीको नाङ्गो तारमा छुन पुग्दा करेन्ट लागि दाँया हातको औंलाहरू जलेको पीडितले बताएको जिल्ला प्रहरी कार्यालयका एसपी नकुल पोखरेलले जानकारी दिए। आरोपितले पीडितलाई उपचारको लागि रामगोपालपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्र लगेका थिए। सोही क्रममा प्रहरीलाई घटना शङ्कास्पद लाग्दा प्रहरीले युवतीलाई सोधपुछ गर्दा पीडितले घटनाबारे जानकारी दिए लगतै आरोपितलाई गिरफ्तार गरेको एसपी पोखरेलले बताए। पीडितको स्वास्थ्य परीक्षण भदौ १८ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। करेन्ट लागी बाँया हातको कान्छी र बुढी औंला काट्नु परेको उपचारमा संलग्न डाक्टर गनी आलमले बताए। थप उपचारको लागी असोज १५ गते प्रादेशिक अस्पताल जनकपुर रेफर गरिएको डाक्टर आलमले जानकारी दिए। आरोपितविरुद्ध ०८१ असोज ११ गते महोत्तरी जिल्ला अदालतमा मुद्दा दर्ता गरीएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जानकरी दिए। आरोपितलाई असोज १३ गते पुर्पक्षको लागी कारागार पठाउने आदेश भएको श्रेस्तेदार नुतन झाले बताए। इन्सेक मधेस प्रदेश संयोजक राजु पासवानले भदौ २४ गते पीडितलाई भेटी घटनाको जानकारी लिई इन्सेक अन्तरगतको मानव अधिकार सहायता कक्षद्वारा असोज १८ गते पीडितलाई १० हजार रुपियाँ आर्थिक सहयोग गरे।

**रौतहट**

३२ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा ३२ वर्षीय पतिविरुद्ध पीडितले ०८१ असोज १७ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। आरोपितले ०८१ साउन २५ गते बलात्कार गरेको भन्दै पीडितले असोज १७ गते उजुरी दिएको इलाका प्रहरी कार्यालय गरुडाका असइ सुवोध मिश्रले जानकारी दिए। पीडितको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल गौरमा असोज १७ गते भयो। उजुरीपश्चात आरोपित फरार रहेकोले खोजि कार्य भइरहेको असइ मिश्रले बताए। आरोपित हालसम्म फरार छन्।

१९ वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा निजका ३० वर्षीय काकालाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले ०८१ भदौ २८ गते गिरफ्तार गऱ्यो।

आरोपितले भदौ २८ गते बलात्कार गरेको भन्दै पीडितले सोहि दिन इलाका प्रहरि कार्यालय चपुरमा उजुरी दिएको इन्स्पेक्टर सुरेन्द्र बर्तौलाले बताए। आरोपितलाई गिरफ्तार गरी जिल्ला अदालतबाट चार दिनको म्याद थप गराइ घटनाको अनुसन्धान गरिरहेको इन्स्पेक्टर बर्तौलाले बताए। पीडितको स्वास्थ्य परीक्षण भदौ २८ गते चन्द्रपुर सरकारी अस्पताल चन्द्रनिगाहपुरमा भयो। न्यायाधीश अम्बिका प्रसादको असोज ११ गतेको एकल इजलासमा आरोपित ५० हजार रुपियाँ धरौटीमा रिहा भए।

२३ वर्षीया महिलालाई बृन्दावन नगरपालिका-८ का २३ वर्षीय वालमिकि सहनीले ०८१ साउन २३ गते बलात्कार गरेको भन्दै पीडित पक्षले आरोपितविरुद्ध सोही दिन इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिएको डिएसपी रामेश्वर त्वातीले बताए। आरोपितलाई ०८१ साउन २९ गते गिरफ्तार गर्‍यो। आरोपित सहनीलाई गिरफ्तार गरी जिल्ला अदालतबाट सात दिनको म्याद थप गराई घटनाको अनुसन्धान गरेको डिएसपी त्वातीले बताए। पीडित महिलाको स्वास्थ्य परीक्षण साउन २६ गते प्रादेशिक अस्पताल गौरमा भयो। जिल्ला अदालतका न्यायधीश दुर्गा भट्टराईको असोज ७ गतेको एकल इजलासले आरोपित पुर्पक्षको लागि थुनामा छन्।

**पर्सा**

३७ वर्षीया महिलालाई विरगंज महानगरपालिका-३१ का २२ वर्षीय रोहित महतो झाँगड भनिने रोहित महतो उरावले ०८१ असार ३० गते बलात्कार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध असार ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घरबाट बोरामा खरानी लिई आफ्नै खेतमा गइरहेको अवस्थामा आरोपितले पछाडिबाट मुख थुनी बोल्न कराउन नदिई तान्दै घिसार्दै नजिकै रहेको उखुबातरीमा लगि बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परिक्षण असार ३१ गते नारायणी अस्पतालमा भयो। आरोपित साउन ३१ गते गिरफ्तार भए। आरोपितविरुद्ध साउन २२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मुद्दा दर्ता भएकोमा सोही दिन आरोपितलाई पुर्पक्षका थुनामा पठायो। मुद्दा फैसला भएको छैन।

**धनुषा**

३२ वर्षीया महिलालाई गणेशमान चारनाथ नगरपालिका-६ का २५ वर्षीय देवेन्द्र शाहले ०८१ भदौ ३ गते बलात्कार प्रयास गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ ४ गते इलाका प्रहरी कार्यालय सबैलामा उजुरी दिइन्। भदौ ३ गते साँझ ७ बजेको समयमा बजारबाट एक्लै आइरहेको बेला आरोपितले बलात्कार प्रयास गरेको पीडितले बताइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण भदौ ५ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय सबैलाका इन्सपेक्टर सुन्दर चौलागाईले बताए। आरोपित हालसम्म फरार छन्।

१८ वर्षीया युवतीलाई मिथिला बिहारी नगरपालिका-५ का जितेन्द्र दासले ०८१ भदौ १२ गते राति बलात्कार प्रयास गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ १३ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण भदौ १४ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजीकार्य भइरहेको इलाका प्रहरी कार्यालय धनुषाधामका इन्सपेक्टर किरण लामाले बताए। आरोपित हालसम्म फरार छन्।

**महोत्तरी**

१९ वर्षीया युवतीलाई बलात्कार प्रयास गरेको आरोपमा सम्सी गाँउपालिका-२ पर्सा देवाडका ५० वर्षीय समीम मिँया धोबीविरुद्ध ०८१ भदौ २० गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। भदौ २० गते बिहान घरबाट कलेज जाने क्रममा साइकल चलाउँदै गरेकी पीडितलाई धक्का दिँदै भूइमा लडाइ बलात्कार प्रयास गरेको पीडितले बताए। आरोपिलाई बाटो हिडिरहेका बटुवाले तत्कालै नियन्त्रणमा लिई प्रहरीलाई जिम्मा लगाएको डिएसपी सन्तुलाल जयसवालले बताए। पीडितको स्वास्थ्य परीक्षण भदौ २० गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। आरोपित एच.आइ.भि संक्रमित रहेको र मानसिक स्थितिपनि ठिक नरहेको डिएसपी जयसवालले बताए। आरोपित विरुद्ध ०८१ असोज ११ गते महोत्तरी जिल्ला अदालतमा मुद्दा दर्ता भयो। आरोपित असोज १३ गते पुर्पक्षको लागी कारागारमा छन्।

२५ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा औरही नगरपालिका-६ का ३५ वर्षीय नथुनी साहविरुद्ध ०८१ साउन ६ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। असार १९ गते राती घर कोठामा सुतिरहेको अवस्थामा पहिलेदेखि नै घर कोठा भित्र लुकिछिपि बसेका आरोपित साहले बलात्कारको प्रयास गरेको पीडितले बताइन्। आरोपितलाई भदौ २३ गते लुकिछिपी रहेको अवस्थामा घरबाटै गिरफ्तार गरेको

जिल्ला प्रहरी कार्यालयका एसपी नकुल पोखरेलले बताए। पीडितको स्वास्थ्य परीक्षण साउन ६ प्रादेशिक अस्पताल जलेश्वरमा भयो। आरोपितविरुद्ध असोज १३ गते जिल्ला अदालत महोत्तरीमा मुद्दा दर्ता भएकोमा भदौ १४ गते जिल्ला अदालतबाट ५० हजार रुपियाँ धरौटी माग गरेको श्रेष्तेदार नुतन झाले बताइन्।

**सर्लाही**

३७ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले ०८१ साउन २८ गते ईश्वरपुर नगरपालिका-९ का ३६ वर्षीय सोनेलाल महतोविरुद्ध इलाका प्रहरी कार्यालय केशरगंजमा उजुरी दिए। आरोपितले पीडित महिलालाई असार १८ गते पीडितकै घरमा गई रोजगारीको प्रलोभन देखाई बलात्कार प्रयास गरेको पीडित पक्षले बताए। घटनापश्चात आरोपित फरार रहेकोले खोज तलास भइरहेको इलाका प्रहरी कार्यालय केशरगंजका इन्स्पेक्टर रामप्रवेश यादवले जानकारी दिए। पीडितको स्वास्थ्य परीक्षण साउन २९ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले जानकारी दिए।

३२ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा हरिवन नगरपालिका-४ का ३७ वर्षीय श्याम कुमार महरा चमारलाई ०८१ भदौ १८ गते इलाका प्रहरी कार्यालय हरिवनले गिरफ्तार गऱ्यो। भदौ २ गते घरमा कोही नभएको अवस्थामा आरोपितले महिलालाई धाक धम्की दिई बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले भदौ १६ गते इलाका प्रहरी कार्यालय हरिवनमा उजुरी दिएका थिए। आरोपित महरालाई भदौ १८ गते गिरफ्तार गरी भदौ १९ गते जिल्ला अदालतबाट तीन दिनको म्याद थप गराएको इलाका प्रहरी कार्यालय हरिवनका इन्स्पेक्टर अनिलराज गिरीले जानकारी दिए। पीडितको स्वास्थ्य परीक्षण भदौ १७ गते प्रादेशिक अस्पताल मलंगवामा भयो। असोज ७ गते ३५ हजार रुपियाँ धरौटीमा आरोपित रिहा भएको श्रेस्तेदार सदन अधिकारीले जानकारी दिए।

२९ वर्षीया महिलालाई ०८१ भदौ २४ गते बलात्कार प्रयास गरेको आरोपमा ब्रहमपुरी गाउँपालिका-६ नोकैल्बाका ३६ वर्षीय रामेश्वर राय यादवलाई असोज ५ गते जिल्ला प्रहरी कार्यालय मलंगवाले गिरफ्तार गऱ्यो। पीडित पक्षले आरोपितविरुद्ध असोज ४ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिएका थिए। पीडितको स्वास्थ्य परीक्षण असोज ६ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। जिल्ला अदालतको असोज १४ गतेको आदेशमा आरोपितलाई पुर्वपक्षका लागी सर्लाही जिल्ला मलंगवाका कारागार पठाएको श्रेस्तेदार सदन अधिकारीले जानकारी दिए। मुद्दा फैसला भएको छैन।

३२ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा मलंगवा नगरपालिका-६ खुटौनाका ३८ वर्षीय बलदेव राय यादवलाई ०८१ असोज ५ गते जिल्ला प्रहरी कार्यालय मलंगवाले गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई ०८१ साउन २६ गते बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले आरोपितविरुद्ध भदौ २३ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिएका थिए। पीडितको स्वास्थ्य परीक्षण भदौ २४ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। आरोपितलाई असोज ५ गते गिरफ्तार गरी असोज ६ गते जिल्ला अदालतबाट एक साताको म्याद थप गराएको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले जानकारी दिए। जिल्ला अदालतको आदेशमा असोज १५ गते बयान बकपत्र भएको श्रेस्तेदार सदन अधिकारीले जानकारी दिए।

**धनुषा**

२२ वर्षीया महिलालाई गणेशमान चारनाथ नगरपालिका-१० का २४ वर्षीय विपिन महासेठले ०८१ भदौ ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध भदौ १० गते डुमरिया प्रहरी चौकीमा उजुरी दिइन्। भदौ ९ गते डुमरिया चोकस्थित गणेश इंग्लिश बोर्डिङ स्कुलबाट घर फर्किरहेकी पीडितलाई आरोपितले यौन दुर्व्यवहार गरेको पीडितले बताइन्। भदौ १२ गते आरोपितविरुद्ध जिल्ला अदालत धनुषामा मुद्दा दर्ता भयो। आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको डुमरिया प्रहरी चौकीका असही सुरेन्द्र शाहले बताए। आरोपित हालसम्म फरार छन्।

## परिवारजनबाट हत्या

**महोत्तरी**

महोत्तरी गाँउपालिका-१ सोनखडाकी ३६ वर्षीया रोशना खातुनलाई ०८१ साउन ३२ गते राति उनका पति ४५ वर्षीय हविव नदाफले कुटपिट गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनायो। स्थानीयवासीले भदौ १ गते बिहान घटनाको सम्बन्धमा इलाका प्रहरी कार्यालय महोत्तरीमा जानकारी गराएपछि घटना बाहिर आएको थियो। साउन ३२ गते राति ६ वर्षीया छोरी सानिमासँग सुत्न गएको समयमा हविवले रोशनाको हत्या

गरेको जिल्ला प्रहरी कार्यालयका एसपी नकुल पोखरेले जानकारी दिए। घटनापश्चात आरोपित फरार रहेकोले खोजतलास गरिरहेको एसपी पोखरेले बताए। आरोपित हालसम्म फरार छन्।

**सर्लाही**

हरिपुर्वा नगरपालिका-५ की २३ वर्षीया चित्रलेखा देवी यादवमाथि पति २७ वर्षीय धिरेन्द्र कुमार यादवले ०८१ असोज १० गते बिहान गोली प्रहार गरी हत्या गऱ्यो। बुबा ५४ वर्षीय रामदिनेश राय यादव घाइते भए। घाइते यादवको उपचार प्रादेशिक अस्पताल मलंगवामा भयो। शवको पोष्टमार्टम असोज १० गते प्रादेशिक अस्पताल मलंगवामा भयो। आरोपित यादव वैदेशिक रोजगारीको सिलसिलामा कुवेतमा थिए। पति पत्नीबीच फोनमै घरायसी विवाद भइरहन्थ्यो। ०८१ भदौ ७ गते आरोपित यादव घर फर्किएपछि पुन: पति, पत्नी र बुबाबीच घरायसी विवाद भएपछि घर आएको ६ दिनमा उनी घर छाडेर बाहिर बस्दै आइरहेका थिए। असोज १० गते बिहान आरोपितसमेत दुई जना मोटरसाइकलमा आई पत्नीमाथि गोली प्रहार गरी हत्या गर्नुका साथै आफूलाई समेत गोली प्रहार गरी घाइते बनाएको पीडित रामदिनेश राय यादवले मौखिक जानकारी गराएको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले बताए। घाइतेको बायाँ हात र दाहिने खुट्टामा चोट लागेको र आरोपित र उनीसँगै आएका एक जना पहिचान नखुलेको पुरुष फरार भएकोले खोजतलास भइरहेको डिएसपी श्रेष्ठले बताए। घटनास्थलबाट कटुवा पेस्तोल र गोलीको खोका दुई ओटा फेला परेको श्रेष्ठले बताए। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले जानकारी दिए।

**रौतहट**

इशानाथ नगरपालिका-२ औरैयाकी २२ वर्षीया पिंकी देवी साहलाई मट्टीतेल खनाएर आगो लगाई हत्या गरेको आरोपमा पति २४ वर्षीय रोशन साह सोनारलाई ०८१ असोज १ गते प्रहरीले गिरफ्तार गऱ्यो। असोज १ गते विश्वकर्मा पुजाको दिन खेतमा पानी हाल्ने पम्पको ट्याङ्कीबाट मट्टीतेल झिकेर आगो लगाई गम्भीर घाइते बनाएका थिए। घाइतेको उपचारको लागि गौरस्थित प्रादेशिक अस्पताल लगिएकोमा त्याहाँ उपचार सम्भव नभएपछि काठमाडौंको कीर्तिपुरस्थित वर्न अस्पतालमा लगिएको थियो। गम्भीर घाइते पिंकी देवी साहको उपचारको क्रममा असोज १० गते काठमाडौँको कीर्तिपुरस्थित वर्न अस्पतालमा मृत्यु भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालत गौरबाट कर्तव्य ज्यान मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालय गौरका एसपी दिलिप घिमिरेले बताए। पिंकी देवीको रोशनसँग २०७९ फागुनमा मागी विवाह भएको र उनीहरुको एक छोरा जन्मिएको थियो। गौर नगरपालिका-२ माइती घरबाट सुत्केरी भएको ३५ दिनपछि घर फर्किएको केही दिनपछि छोराको मृत्यु भएको थियो। शवको पोस्टमार्टम वर्न अस्पताल कीर्तिपुरमा गरी परिवारले बुझेको प्रहरीले जनायो। जिल्ला अदालतको कात्तिक २ गतेको आदेशले आरोपितलाई पुर्पपक्षका लागि थुनामा पठायो।

**बारा**

निजगढ नगरपालिका-९ भमरा टोलकी ३८ वर्षीया लक्ष्मी राईलाई ४२ वर्षीय पति बिमल बस्नेतले ०८१ भदौ २५ गते घाँटीमा खुर्पा प्रहार गरी हत्या गरेको आरोपमा इलाका प्रहरी कार्यालयले सोही दिन गिरफ्तार गऱ्यो। घटना लगत्तै स्थानीयले प्रहरीलाई खबर गरेकाले गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय निजगढका इन्स्पेक्टर सुमित कुशवाहाले बताए। बुबाले खुर्पा प्रहार गरी आमाको हत्या गरेको आरोपमा मृतककी जेठी छोरी १७ वर्षीया गंगा राईले भदौ २६ गते इलाका प्रहरी कार्यालय निजगढमा उजुरी दिइन्। भदौ २५ गते राति घरायसी विषयमा छलफल गरी आमा शौचालय गएको अवस्थामा बुबाले खुर्पा प्रहार गरेको छोरी गंगाले बताइन्। आरोपितले खुर्पा प्रहार गरेको देखेर आमालाई बचाउन गएकी दुई छोरीहरू जेठी छोरी गंगा राई र कान्छी छोरी १५ वर्षीया जमुना राई घाइते भएकी थिइन्। सोही दिन घाइतेहरूको सामुदायीक प्रसुति गृह निजगढमा प्राथमिक उपचार गराई थप उपचार वीरगन्जको मेडिसिटी वयोधा अस्पतालमा भयो। शव पोष्टमार्टम भदौ २५ गते प्रादेशिक अस्पताल कलैयामा भयो। आरोपित बस्नेतले मदिराको नशामा रहेको अवस्थामा खुर्पा प्रहार गरेको प्रारम्भिक अनुसन्धानले देखाएको इलाका प्रहरी कार्यालय निजगढका इन्स्पेक्टर सुमित कुशवाहाले बताए। मृतक लक्ष्मीले आरोपित बस्नेतसँग २०७५ मा दोस्रो विवाह गरी सँगै बस्दै आएकी थिइन्। उनका दुई छोरीहरू पहिलो पतिबाट जन्मेकी हुन्। जिल्ला सरकारी वकिल कार्यालयमार्फ आरोपितविरुद्ध असोज १५ गते जिल्ला अदालतमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधिश जगन्नाथ पौडेलको असोज १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### दाइजोको निहुँमा कुटपिट

**सर्लाही**

पर्सा गाउँपालिका-१ की २६ वर्षीया सुनिता कुमारी साहलाई ०८१ भदौ १४ गते पति २८ वर्षीय दिपेन्द्र कुमार साह र सासु ५६ वर्षीया फुलन देवी साहले दाइजोको निहुँमा कुटपिट गरेको भन्दै पीडितले असोज १३ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिइन्। पीडित र आरोपितबीच ०८० जेठ १२ गते हिन्दु परम्परा अनुसार विवाह भएको थियो। विवाहमा तीन लाख रुपियाँ र एक तोला सुन दिए तापनि थप दाइजो बापत फ्रिज, वासि मेसिन र नगद ५० हजार रुपियाँ नल्याएको भन्दै आरोपितले गालिगलौज तथा कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिएको पीडितका बुबा सुरेन्द्र साहले बताए। कुटपिटका कारण घाइते भएकी पीडितको उपचार भदौ १४ गते पर्सा गाउँपालिकास्थित स्वास्थ्य चौकीमा गरिएको र थप उपचार भदौ १९ गतेदेखि २१ गतेसम्म सर्लाही जिल्ला अस्पताल मलंगवामा भएको पीडित पक्षले बताए। घटनापश्चात आरोपित पति तथा सासु फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले जानकारी दिए। आरोपित हालसम्म फरार रहेको डिएसपी दिपक श्रेष्ठले जानकारी दिए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना, सम्पत्ति क्षति

**सप्तरी**

जनमुखी बहुमुखी सहकारी संस्थाको स.१च १८१४ नम्बरको एम्बुलेन्स चालक राजविराज नगरपालिका-२ का ४२ वर्षीय महिनारायण यादवलाई २०८१ भदौ ७ गते सडक बन्दकर्ताहरुले हनुमाननगर कंकालिनी नगरपालिका-५ योगिनियामा कुटपिट गर्दै एम्बुलेन्स तोडफोड गरेको भन्दै संयुक्त एम्बुलेन्स चालक संघ सप्तरीले दोषीमाथि कारवाही गर्न माँग गऱ्यो। तोडफोडबाट एम्बुलेन्सको अगाडीको भागमा क्षति पुग्यो भने चालक यादव घाइते भए। डाक्नेश्वरी नगरपालिका-९ पत्थरगाढाकी गर्भवती महिलालाई बोकेर सुनसरीको धरानतर्फ लैजाँदै गर्दा हनुमाननगरमा बन्दकर्ताले एम्बुलेन्स तोडफोड गर्दै कुटपिट गरेको चालकले बताए। घाइते चालकको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचार भयो। घटनाको विरोधमा एम्बुलेन्स चालकहरूले राजविराजस्थित स्वास्थ्य कार्यालय अगाडि सडकमा भदौ ७ गते टायर बाली एम्बुलेन्स रोकेर सडक अवरुद्ध गरे।

**रौतहट**

देवाहिगोनाही नगरपालिका-९ स्थित जयकिसान माध्यमिक विद्यालय धरहरिका प्रधानाध्यापक सन्जय साहलाई सरुवा गरेको निहुँमा विद्यार्थीहरूले ०८१ असोज ८ गते प्रदर्शन गर्नुका साथै नगरपालिकाको भवनमा ढुङ्गा मुढा गरेका थिए। नगरपालिकाको भवन क्षतिग्रस्त भएको छ। प्रधानाध्यापक साहको सरुवाको विषयमा विद्यालय व्यवस्थापन समिति, देवाहीगोनाही नगरपालिकाका नगर प्रमुख प्रेमलाल साह, वडा नं ९ का वडा अध्यक्ष र नगर शिक्षा शाखाका प्रमुख अरबिन्द यादवलगायतका प्रतिनिधि र पधाधिकारिहरू नगरपालिकाको सभा हलमा शिक्षा समितिको बैठक बसिरहेको अवस्थामा १४/१५ जनाको समूहमा आएका विद्यार्थीहरूले प्रधानाध्यापक सन्जय साहलाई सरुवा गर्न पाइँदैन भन्दै नारा जुलुस तथा प्रदर्शन गर्दै ढुङ्गा मुढा गरेको नगर प्रमुख साहले बताए। नगर शिक्षा समितिको असोज ८ गतेको बैठकबाट नगर प्रमुख साहले मनोमानि ढङ्गले प्रधानाध्यापक सन्जय साहलाई सरस्वती माध्यमिक विद्यालय देवाही सरुवा गर्न खोजेकोले सरुवा रोक्नुपर्ने माग गर्दै विद्यार्थीहरूले नगरपालिकाको कार्यालयमा सोही दिन ताला लगाएको र नाराबाजि गर्दै विरोध प्रदर्शन गरेको स्थानीय नागेन्द्र यादबले बताए। विद्यार्थीहरूको प्रदर्शन र उनीहरूले प्रहार गरेको ढुङ्गा मुढालाई नियन्त्रण गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको र प्रदर्शनका क्रममा नगरपालिकाको भवनको झ्यालका सिसाहरू फुटेको भए तापनि मानवीय क्षति चाँही नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी एलिजा गिरीले जानकारी दिइन्। विद्यार्थीहरूले गरेको विरोध प्रदर्शन तथा ढुङ्गा मुढाका कारण १५ लाख रुपियाँ बराबरको क्षति भएको नगर शिक्षा शाखाका प्रमुख अरबिन्द यादबले बताए। प्रधानाध्यापकको सरुवा राक्नु पर्ने भन्दै असोज ६ गते वडा ९ का वडा अध्यक्ष बिरबहादुर साह, विद्यालया व्यवस्थापन समितिका अध्यक्ष छबिलाल भनिने श्यामानन्द साह, स्थानीय राजेश साह, गुड्डु यादबलगायतले जिल्ला शिक्षा समन्वय ईकाई गौरमा जानकारी गराएको शिक्षक मनिशङ्कर निधीले बताए। स्थानीय जनप्रतिनिधि र विद्यालया व्यवस्थापन समितिले प्राधानाध्यापक सन्जय साहको सरुवा राक्नु पर्ने जानकारी गराएको बताउनुहुँदै सरुवाको विषयले सिर्जना गरेको

समस्या छिटोभन्दा छिटो समाधान गर्ने जिल्ला शिक्षा इकाईका प्रमुख धिरेन्द्र जङ्ग थापाले जानकारी दिए।

**नाकाबन्दी**

**सिरहा**

नरहा गाउँपालिका-१ गौराहा टोलमा रहेको दलित बस्तीमा नाकाबन्दी गरेको घटनाको राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेशका प्रमुख बुध नारायण सहनी, राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा, र इन्सेक मधेस प्रदेशका संयोजक राजु पासवान, जिल्ला प्रतिनिधि दुर्गा परियार, मानवअधिकार आयोगका अधिकृत दिपक ठाकुर, मुक्ति नेपालका जिल्ला संयोजक विशेश्वर दास लगायतका टोलीले असोज १४ गते अनुगमन गरे। पीडित उचित सदाले सोही गाउँपालिका-२ रामचलितर यादवको जग्गा हाम्रो टोल नजिक छ, हामी मजदुरी गरेर छाक टार्छौं उनको खेतमा मजदुरी गर्दा ज्याला कम दिने र अरुको खेतमा मजदुरी गर्न जादा बढी ज्याला दिने गरेको बताए। छिमेकी भएकोले कम ज्याला दिए पनि काम गरेकै थियौं एक दिन अरुको खेतमा काम गर्न गएको निहुँमा साबिक हिड्ने आलिको बाटोमा ०८१ असोज ६ गते उनका छोराहरुले हाम्रो खेतबाट हिडिस भने कुटपिट गर्ने भन्दै नानाथरीका गालि गलौज, धम्की दिदै साबिकदेखि हिड्ने बाटोमा काँडा, बाँसको लठीले बार लगाएको बताए। जग्गा धनी महेश यादवले हाम्रो खेतमा यिनिहरुले दिशा गरेर फोहर फालेर खेती गर्न अपठ्यारो बनाएको बताए। हामीले दिएको ज्यालामा काम पनि नगर्ने र हाम्रै खेतमा फोहर पनि गर्ने गरेकोले आफ्नो खेतमा जान नदिन घेराबेरा गरेको र यिनिहरुमा सुधार नआए पुन: घेराबेरा गर्ने बताए। राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले जनताको सुरक्षा गर्ने जिम्मेबारी स्थानीय सरकार र प्रशासनको भएको बताए। आलि, बाटो लगायतका सार्वजनिक बाटोहरु कसैको सम्पति नभएकोले कसैलाई पनि स्वतन्त्ररुपमा हिडहुल गर्नबाट रोक लगाउनु र दलित तथा गरीब भएकै कारण भेदभाव र थिचोमिचो गर्नु भनेको मानव अधिकार हनन् गर्नु हो अध्यक्ष विश्वकर्माले बताउनुका साथै इलाका प्रहरी कार्यालय नरहाका सइलाई तुरुन्त घेरबार हटाउन र पीडितहरुको शान्ति सुरक्षा गर्न निर्देशन दिए। राष्ट्रिय मानवअधिकार आयोगका मधेश प्रदेश प्रमुख सहनीले खेत व्यक्तिगत भए तापनि आलि बाटो कसैले हिड्न रोक लगाउन नपाउने बताए। स्थानीय समुदायलाई आफनो सरसफाई र स्वास्थ्यलाई पनि ध्यानमा राखेर खुलामा शौच गर्नु भन्दा शौचालयको व्यवस्था गर्नु पर्ने र व्यवस्था गर्न नसक्नेले स्थानीय सरकारसँग सार्वजनिक शौचालयको माग गर्न र सोही वडाका वडा अध्यक्ष अशोक महतोलाई सार्वजनिक शौचालय व्यवस्था गर्न आग्रह गरे। वडा अध्यक्ष महतोले यसै आर्थिक वर्षमा सार्वजनिक शौचालय बनाउने प्रतिबद्धता जनाए। इन्सेक मधेस प्रदेशका संयोजक राजु पासवानले कसैले पनि सार्वजनिक बाटोमा हिडडुल गर्नबाट रोक लगाउने गरी घेरबेर गर्ने कार्य गर्न पाउदैन यो कानून विपरित कार्य भएको बताए। यसैगरी संयुक्त अनुगमन टोलीले जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी रमेश पंडितसंग भेटघाट गरी घटनाको बारेमा जानकारी लिएका थिए। भेटको क्रममा एसपी पंडितले जिल्ला प्रहरी कार्यालयमा असोज १३ गते ठाडो उजुरी लिएर आएको बताए। जग्गा साध सिमानाको घटना भएकोले न्यायीक समितिमा जान भनेर पठाएको र अन्य शान्ति सुरक्षाको लागि स्थानीय प्रहरीलाई निर्देशन दिएको बताए।


*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**मधेश प्रदेशद्वारा प्रकाशित**

**संयोजन** : राजु पासवान, **सम्पादन** : मोहनकुमार चौधरी

जनकपुरधाम उपमहानगरपालिका-४, पिडरिया माइस्थान, धनुषा, फोन नं. ०४१-५९११८४

इमेल : Janakpur@insec.org.np, Website : www.inseconline.org